**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ५ संख्या:१० मिति:२०७८/११/०५**

## भाग-२

**धनगढी उप महानगरपालिका**

# हानिकारक अभ्यास उन्मुलन नीति, २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८।११।०५**

**राजपत्रमा प्रकाशन मिति: २०७८।११।०५**

धनगढी उप-महानगरपालिका राजपत्र

**१.पृष्ठभुमि :**

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने संकल्प गरेको छ ।

संविधानको धारा १६ ले सबै व्यक्तिहरुको सम्मान पूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा २४ले छुवाछुत तथा भेदभाव विरुद्धको हक ३८ ले महिलाको हक, धारा ३९ले बालवालीकाको हक, धारा ४२ ले सामाजिक न्यायको हक, धारा ४३ ले सामाजिक सुरक्षाको हक भनि मौलिक हकको ब्यबस्था गरेको छ ।

संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त,नीति तथा दायीत्व अन्तर्गत धारा ५१ (ग)को देहाय ५ मा समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ब्यबस्था गरिएको छ । र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नु पर्नेदायित्वको ब्यबस्था गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ (फ) को (४) मा प्रचलित कानुन विरु४का कसंस्कार विरुद्ध सामाजिक परिचालन समन्धी कार्य उल्लेख गरिएको छ । साथै स्थानीय सरकार सन्चालन ऐनले नगरपालिकाको काम अर्न्तगत वालविवाह, बहुविवाह, लैगिंक हिंसा, दाईजो प्रथा, हलिया प्रथा, छाउपडी प्रथा, कमलहरी प्रथा, वालश्रम, मानववेचविखन जस्ता सामाजिक कुरिति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने जिम्मेवारी प्रदान गरको छ ।

नेपालले वालअधिकार सम्बन्धी महासन्धि १९८९, महिलामाथि हुने सवै प्रकारका विभेदहरुको अन्त्य गर्ने महासन्धि १९७९ मा अर्न्तराष्ट्रिय प्रतिवद्धता समेत जाहेर गरेको छ । सन २०३० सम्ममा नेपाललाई वालविवाह मुक्त देश घोषणा गर्ने का साथै वालविवाह अन्त्यका लागी राष्ट्रिय रणनीति २०७२ जारी गरिसकेको छ ।

यस सन्दर्भमा धनगढी उप महानगरपालिकाले नगर क्षेत्रमा सामाजिक, सांस्कृतिक परम्परा, प्रचलनका नाममा हुने वालविवाह, वहुविवाह, छाउपडी,छुवाछुत, विभेद, वोक्सी, कमलहरी, र हिंसाजन्य कुसंस्कार र परम्परा जसले समाज वा ब्यक्तिमा विशेष गरि वालवालीका र महिलाहरुमा नकारात्मक असर पर्ने शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य , ब्यबहार वा अभ्यास लाई कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितताका लागी हानीकारक अभ्यास उन्मुलन नीति, २०७८ जारी गरिएको छ ।
उल्लेखित संवैधानिक, कानुनी र नीतिगत ब्यबस्थाका वावजुद यस नगरपालिकामा विभिन्न सस्कार र परम्पराका नाममा वालविवाह, महिला हिंसा,वोक्सी, छुवाछुत र विभेदपुर्ण लिङ्ग छनोट जस्ता हानीकरक अभ्यासहरुको उन्मुलन हुन सकेको छैन । तसर्थ यस्ता परम्पारका नाममा हुने हानिकारक अभ्यासहरुलाइ उन्मुलन गर्न धनगढी उप महानगरपालिकाले हानीकारक अभ्यास उन्मुलन नीति तर्जुमा गर्न वान्छनीय भएको छ ।

## २.विगतका ब्यबस्था, प्रयास र वर्तमान स्थिती समिक्षा

धनगढी उप महानगरपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसाँस्कृतिक युक्त नगर हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै नगरमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ भन्ने मान्यतामा धनगढी उप महानगरपालिका पूर्ण विश्वस्त छ ।

नेपालको कानुनले बालविवाहलाई दण्डनीय अपराध मानेता पनि यो प्रचलन अझै पनि पूर्णरूपमा हटेको छैन । धनगढी उप-महानगरपलिकामा परम्परागत रुपमा चलिआएको बालविवाह अन्त्य गर्न र बालविवाह मुक्त उप-महानगरपालिका घोषणा गर्दै बालमैत्री स्थानीय शासनको अवधारणा अनुरूप अगाडि बढ्नका लागि यो नीति आवश्यक भएको हो ।
नेपालको संविधानले महिला तथा बालबालिका सम्वन्धी हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । साथै, बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने, गरेमा कानून बमोजिम दण्डित हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ । यी कुराहरूलाई मध्यनजर गर्दै धनगढी उप-महानगरपालिकाले सुरूदेखि नै वालविवाह, वहुविवाह, छाउपडी,छुवाछुत, विभेद, वोक्सी, कमलहरी, र हिंसाजन्य कुसंस्कार र परम्परा न्यूनीकरणलाई प्राथमिक मुद्दाका रूपमा लिँदै आएको छ । आर्थिक वर्ष २०७५/०७६ को योजनामा पनि यस सवालमा नीति बनाई बजेट विनियोजन भइसकेको अवस्था छ । चालु आर्थिक वर्षको जनसंख्या तथा सामाजिक विकास नीतिमा बालविवाह, बालश्रमशोषण, महिला हिँसा, दाइजोप्रथा आदिजस्ता समाजमा विद्यमान कुप्रथालाई समाजबाट पूर्ण रूपमा निर्मूल पार्न विभिन्न अभियान तथा सचेतना अभियान सञ्चालन गर्ने कुरा उल्लेख छ । सोही अनुसार बालविवाह अन्त्यका लागि **'हामी सानै छौं बढन देऊ, विवाह होइन पढ्न देऊ'** भन्ने नारा सहित बालश्रम शोषण र बालविवाह अन्त्य गर्ने अभियानका लागि बजेट विनियोजन गरेको अवस्था छ । माथि उल्लेखित कानुनी, नीतिगत र कार्यक्रमको आधारमा रणनीति बनाएर बालविवाह अन्त्यका लागि केन्द्रित कार्यक्रम अगाडि बढाउनु पर्ने भएकाले बालविवाह अन्त्यको लक्ष्यसहित रणनीति बनाई अगाडि बढेका छौ ।
नगरमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न, नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै स्थानीय सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।
समाजमा विद्यमान लैङ्गिक बिभेद, जातीय असमानता, विभेदयुक्त गलत सामाजिक व्यवहार र मान्यता, महिला हिंसा, यौन दुरब्यबहार एवं शोषण र उत्पीडन, गरिवी, आदि जस्ता विसंगतीहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा निर्मित राष्ट्रिय नीति तथा कानुनहरु र अन्तर्राष्ट्रिय स्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त गरिएका विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धताहरुको परिपालनालाई स्थानीय तहदेखि नै कार्यान्वयन गर्नका लागि मार्गनिर्देश गर्न प्रत्यक्ष सहयोग पुग्नेगरी धनगढी उप महानगरपालीकावाट लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति, २०७८लागु गरिएको छ । यो संगै नगरपालिकाले हिंसा पीडित महिलालाई सहयोग पुरयाउन लैङ्गिक हिंसा निवारण कोष कार्यविधि २०७७ जारी गरि कोष स्थापना गरि कार्यान्वयनमा ल्याएको छ । यस्तै गरि बाल संरक्षण निर्देशिका, २०७७र बाल क्लव र बाल क्लव संजाल गठन तथा संचालन सम्वन्धी कार्यविधि,२०७७ जारि गरि लागु गरिएको छ ।

**३. हानिकारक अभ्यास उन्मुलन सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति र अवसरहरु**

धनगढी उप–महानगरपालिका क्षेत्रमा सामाजिक, सांस्कृतिक परम्परा, प्रचलनका नाममा हुने वालविवाह, वहुविवाह, छाउपडी,छुवाछुत, विभेद, कमलहरी, र हिंसाजन्य कुरस्कार र परम्पराको अन्त्य र यसले विशेषगरी प्रत्यक्षरुपमा बालवालीका र महिलामा पारेको असरलाई न्युनीकरण गर्न आवश्यक छ । यद्यपी नगरपालीकामा आत्म सम्मान सहितको सामाजिक न्याय, सदभाव र शान्ति कायम गर्न हानिकारक अभ्यास उन्मुलनका समस्या, चुनौति र अवसरहरु मुलतः देहाय अनुसार रहेका छन ।

**३.१ समस्याहरु**

१.सामाजिक सास्कृतिक परम्परा र प्रचलनमा गरिने कतिपय अभ्यासहरुको नकारात्मक असर र प्रभावका वारेमा प्रयाप्त बुझाई नहुनु ।

२.हानिकाक अभ्यासहरु उन्मुलनलागी प्रयाप्त कानुनी ब्यबस्था भए पनि रोकथाम रउन्मुलनका लागी प्रभावकारी कार्यान्वयन नुहुनु ।

३.हानीकारक अभ्यास उन्मुलन समन्धी आधारभुत संरचना, सन्जाल नहुनु ।

४.परम्परा देखीको धार्मीक आस्था, धामीझाकीका कारण सामाजिक सास्कृतिक परम्पराले संरक्षण पाउनु ।

५. प्रयाप्त सचेतनामुलक अभियान सन्चालन नहुनु ।

६.समाजिकरुपमा हुने गरेको हानीकारक अभ्यासहरुको कानून बमोजिम दण्डनीय र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने ब्यबस्था सुनिश्चित नहुनु ।

७. हानिकारक सामाजिक र लैङ्गिक मान्यताहरुद्धारा संचालित छोरा र छोरीहरु बीचको असमानता ।

८. आमाबाबुहरुलाई विवाह पछी छोरीहरु सुरक्षित हुन्छन भन्ने विस्वास ।

**३.२. चुनौतीहरु**

१. समाजमा विद्यमान रहेका हानीकारक सामाजिक मुल्यमान्यताहरु कायम रहनु,।

२. हानीकारक अभ्यास उन्मुलनका लागि , समुदाय जागरुप नहुनु ।

३. कानून बमोजिम दण्डनीय र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने सुनिचितता नहुनु।

४. शिक्षा, गरिबी, आर्थिक अभाव

**३.३ अवसरहरु**

सामाजिक सस्कृति र परम्पराको नाममा हुने हानीकरक अभ्यासको न्युनीकरण मार्फत आत्म सम्मान सहितको सामाजिक न्यायको प्रात्याभुति, वालविवाह, वहुविवाह, छुवाछुत, विभेद पूर्ण लिङ्ग छनोट, महिला हिंसा मुक्त समाज स्थापना, महिला र बाववालीकामा पार्ने भौतिक, शारिरीक र मनोबैज्ञानिक असरहरुको अवस्थामा सुधार मार्फत एक अर्काको आत्म सम्मानको ब्यबहारवाट नै समृद समाज निर्माण हुन सक्ने विश्वास, सामाजका हुने कुरितीहरुको न्यनीकरणका लागी कानुनमा नै ब्यबस्था गरी दण्डनिय बनाईएको अवस्था, हानीकरक अभ्यास न्युनीकरणका लागि स्थानीय सरकारको अग्रसरता, नागरिकहरु समन्वय सहकार्य र साझेदारी मार्फत सथागत र कानुनी व्बवस्थाहरुको समाजमा परम्पार देखी जगेडी आएका सस्कार र सस्कारका नाममा हुने हानीकरक अभ्यासहरु लाई उन्मुलन गर्ने अवसर सिर्जना गरेको छ ।

**४. हानिकारक अभ्यास उन्मुलननीति तर्जुमाको आवश्यकता तथा महत्व**

धनगढी उप-महानगरपालीकामा परम्परा, सस्कृतिका नाममा हुने हानीकरक अभ्यास सम्बन्धमा देखीएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले हानिकारक अभ्यास उन्मुलन नीतिआवश्यक रहेको छ ।

१. समाजमा हुने परम्परा र सस्कारका नाममा हुने हानीकारक अभ्यासहरुको उन्मुलन गर्न,

२. हानीकारक अभ्यासहरु लाई दण्डनीय बनाई पीडितलाई क्षतिपुर्ति सहितको न्याय प्रदान गर्न,
३. सस्कार र परम्पराकाका नाममा हुने गलत अभ्यासका कारण उत्पन्न समस्यालाई रोकथाम गर्न ।
४. हानिकारक अभ्यास उन्मुलनका लागि , समुदाय, नागरिकहरुको अग्रसरता ल्याउन,
५. हानीकारक अभ्यास उन्मुलनका मार्फत एक अर्काको आत्म सम्मानको ब्यबहार मार्फत समृद्ध समाज स्थापना गर्न,
६.हानीकारक अभ्यासवाट महिला र वालवालीकामा पार्ने शारिरीक र मनोवैज्ञानिक असरमा कमी ल्याउन ।

## ५. दीर्घकालीन सोंच

सवैलाई सम्मान गर्ने असल सस्कार र सस्कृती सहितको सम्वृद समाज निर्माण

## ६. लक्ष्य

हानीकारक अभ्यास उन्मुलनका लागि नागरिक, नीजि क्षेत्र र सार्वजनिक निकायहरुमा समन्वय, सहकार्य र साझेदारी बढाई असल सामाजिक सस्कार र सस्कृति सहितको सभ्य समाज निर्माण गर्ने ।

## ७. उद्देश्यहरु :

**१**.सामाजिक परम्परा र सस्कार (**बालविवाह, जवरजस्ती विवाह, वहुविवाह बोक्सी प्रथा, दाईजो, विभेदपूर्ण लिङ्ग छनोट, हिंसा**)का नाममा हुने कुरिती, नकारात्मक अभ्यासको उन्मुलन गर्ने ।

२.सामाजमा हुने हानीकारक अभ्यासलाई दण्डनिय बनाउन कानुनको प्रभावकारी कार्यान्वयन गर्ने ।

३.असल सस्कार र सस्कृतिको विकास गर्न स्थानीय सरकार, नागरिकहरु विच सहकार्य र साझेदारी वृदी गर्ने,

४. आत्म सम्मान सहितको सामाजिक न्याय, सदभाव र शान्ति कायम गर्ने ,
५. हानीकारक अभ्यास ले महिला र वालवालीका लगायत समग्र समाजमा पार्ने नकारत्मक असरको उन्मुलन गर्ने,

## ८. नीति, रणनीति तथा कार्यनीतिहरु

**मुख्य नीतिहरुः**

**८.१**.समाजमा विद्यमान रहेका परम्परा, सस्कार र यसले पार्ने नकारात्मक असरहरुको अध्ययन, विश्लेष्ण गरि मुल कारण सम्वोधनका लागी स्थानी कानुन तर्जुमा गर्ने ,
**८.२**. विद्यामान कानुनी ब्यबस्थाको आधारमा हानीकार अभ्यासाहरुलाई दण्डनिय बनाई कानुनको प्रभावकारी कार्यानवयन गर्ने ।
**८.३**. सकारात्मक सामाजक रुपान्तरणका लागी नागरिक संघ सस्था, विद्यालय, निजी क्षेत्र, धार्मीक अगुवा, धामीझाकी, पुरोहीत, वडघर, भलभान्सा, प्रहरी, र स्थानीय सरकार विच समन्वय, सहकार्य र साझेदारी गर्ने ,

८.४. नगरका विभिन्न वडा र वस्ती स्तरमा हानीकारक अभ्यास उन्मुलनका लागी समुदायस्तरमा वालक्लब, आमा समुह, महिला स्वाथ्य स्वमसेविका, किशोरकिशोरी समुह, टोलविकास संस्थाहरु परिचाल तथा सन्जाल विस्तार गर्ने ।

**८.१ नीतिअनुसारका रणनीतिहरु तथा कार्यनीतिहरु**

**नीति १: समाजमा विद्यमान रहेका परम्परा, सस्कार र यसले पार्ने नकारात्मक असरहरुको अध्ययन, विश्लेष्ण गरि मुल कारण सम्वोधनका लागी स्थानी कानुन तर्जुमा गर्ने ,**

**रणनिति**

१.१.समाजमा हुने कुरितीजवन्य अभ्यासवाट पार्ने नकारात्मक असरहरुको अध्ययन विश्लेषण गरि क्षेत्र र वर्ग पहिचान गर्ने सो को संवोधनका लागी वार्षिक निति तथा कार्यक्रमको तर्जुमा गर्ने,

१.२.समादायस्तरमा हानीकारक अभ्यास (**बालविवाह, बोक्सी प्रथा, दाईजो, हिंसा, जवरजस्ती विवाह, वहुविवाह**) **रोक्नका लागी निति तथा रणनिति तर्जुमा गर्ने,**

१.३. हिंसामुक्त समाज निर्माण गर्न समुदायस्तरमा प्रयाप्त सचेतना, सन्देशहरु सन्चार मार्फत जानकारी गर्ने ।

**कार्यनिति**

१.१.१.नगरका विभिन्न क्षेत्रमा रहेका सस्कार र यसवाट प्रभाव पार्ने असरहरुको पहिचानका लागी विज्ञ मार्फत विस्तृत अध्ययन गरिने छ ।

१.१.२. कुरिति र हानीकारक ब्यबहारवाट प्रभावित र सम्भावित ब्यक्तिहरुलाई लक्षित गरि वार्षिक निति तथा कार्यक्रममा विशेष कार्यक्रम तयार गरिने छ ।

१.१.३. नागरिक सचेतना मार्फत स्थानीय सरकार र नागरिकको अग्रसरतामा नगरका क्षेत्रहरुमा हिंसामुक्त गाँउ घोषणा गरिने छ ।

**नीति २ः विद्यामान कानुनी ब्यबस्थाको का आधारमा हानीकार ब्यबस्थाहरुलाई (बालविवाह, बोक्सी प्रथा, दाईजो, हिंसा, जवरजस्ती विवाह, वहुविवाह)दण्डनिय बनाई कानुनको प्रभावकारी कार्यानवयन गर्ने ।**

**रणनिति**

२.१.संविधानका कानुनी ब्यबस्थाको प्रभावकारी कार्यानवयन गर्ने ।

२.२.पीडिहरुका लागी कानुनी सहायता केन्द्र स्थापना गरि कार्यान्वयनमा ल्याउने ।

२.३. हिंसा पिडित ब्यक्तिहरुको तत्काल उद्धार, औषधी उपचार र पुनृस्थापनाका लागी स्थापना भएको लैंगिक हिंसा निवारण कोष लाई थप ब्यबस्थित र वलियो बनाउने ।

**कार्यनिति**

२.१.१.समुदायमा हानीकारक ब्यबहार गर्ने ब्यक्तिहरुलाई सचेतता तथा आवश्यकता अनुसार कानुनी प्रक्रिया ल्याईनेछ ।

२.१.२.नगरका विद्यालय, क्याम्पस र अन्य शैक्षिक सस्थाहरुमा कानुनी शिक्षा कक्षा सन्चालन गरिने छ ।

२.१.३.कुरिती र कुसस्कारका विषयमा विभिन्न सन्चारका माध्यमवाट सचेतनामुलक सन्देश तथा कार्यक्रम हरु सन्चालन तथा प्रशारण गर्ने ।

**नीति ३: सकारात्मक सामाजक रुपान्तरणका लागी नागरिक संघ सस्था, विद्यालय, निजी क्षेत्र, धार्मीक अगुवा, धामीझाकी, पुरोहीत, वडघर, भलभान्सा, प्रहरी, र स्थानीय सरकार विच समन्वय, सहकार्य र साझेदारी गर्ने ,**

**रणनिति**

३.१. समुदाय, रहेका **धार्मीक अगुवा, धामीझाकी, पुरोहीत, वडघर, भलभान्साका अगुवाहरु लाई**कानुनी व्यबस्थाका वारेमा क्षमता अभिवृदी गर्ने

३.२.नगरपालिका, वडा समिति र सामाजिक संघ संस्था, प्रहरी र अन्य सरोकारवालाहरु संग समन्वय र सहकार्य गर्ने ।

३.३. समुदायका युवा, शिक्षक, सरकारी अधिकारी,, सामुदायीक अगुवा , महिला समुह को सक्रयातामा वृदी गर्ने,

**कार्यनिति**

३.१.१. विद्यमान कानुनी ब्यस्थाका वारेमा तालीम, अभिमुखीकरण र अन्तरक्रिया सन्चालन गरिने छ ।

३.१.२. सामाजको वर्तमान अवस्था र सम्भावित जोखीम विषयमा सरोकारवालाहरु संग संवाद र उन्मुलनका अभियान सन्चालन गर्ने कार्यक्रम तर्जुमागरि कार्यान्वयनमा ल्याईने छ ।

**नीति ४: नगरका विभिन्न वडा र वस्ती स्तरमा हानीकारक अभ्यास उन्मुलनका लागी समुदायस्तरमा वालक्लब, आमा समुह, महिला स्वाथ्य स्वमसेविका, किशोरकिशोरी समुह, टोलविकास संस्थाहरु परिचालन तथा सन्जाल विस्तार गर्ने ।**

**रणनिति**

४.१. नगरका सवै वडाहरुमा टोल विकास सस्थाहरुलाई हानीकारक अभ्यास उन्मुलन कार्यसमुहका रुपमा जिम्मेवारी दिने ।

४.२. समुदायहुने नकारात्मक अभ्यास, ब्यबहार र सस्कारहरुको निगरानी गरि उजुरीको गर्ने सहितको ब्यबस्था गर्ने ।

४.३. टोलविकास संस्था, उपभोक्ता समिति, वालक्लव, युवा, महिला समुहहरु र किशोरकिशोरी समुहहरुको क्षमता विकास गर्ने ।

**कार्यनिति**

४.१.१. टोल विकास संस्थाहरुलाई कानुनी प्रावधानका विषयमा तालीम प्रदान गरि परिचालन गरिने छ,

४.१.२. कुरिति सम्बन्धी गुनासो सुनुवाईको ब्यबस्था गरिने छ ।

४.१.३. वालविवाह र महिला हिंसाका विषयमा अभिमुखीकरण कार्यक्रम सन्चालन गरिने छ ।

४.१.४. समुदायमा हुने वाविवाह, महिला हिंसा जस्ता अपराधहरुको नियमित अनुगमन, निगरानी कार्यलाई प्राथमिता दिईने छ ।

**९.नीतिको कार्यान्यवनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।**

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १ | स्पष्ट तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने । |
| २. | हानीकारक अभ्यासका विषय | सहभागिताकमुलक छलफलबाट समान बुझाई बनाउने |

| | | |
|---|---|---|
| | बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु । | प्रयत्न गरीने । त्यस्तै कुरिती कुसस्का र हिंसाजन्य विषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने । |
| ३. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमित साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |

## १०. नीतिवाट अपेक्षित उपलब्धिहरु

१. समुदायमा नागरिकहरुमा कुसस्कार र नकारात्कम ब्यहार र यसवाट पर्ने सम्भावित असरकावारेमा जानकार भएका हुनेछन ।

२. सामाजिक परम्परा र सस्कारका नाममा हुने कुरिती, नकारात्मक अभ्यासको उन्मुलन सहयो पुग्ने छ।

३. नगरपालिकामा कुरिती र कुसस्कारलाई दण्डनिय बनाउन पहल भएको हुने छ ।

४. असल सस्कार र सस्कृतिको विकास गर्न स्थानीय सरकार, नागरिकहरु विच सहकार्य र साझेदारी वृदी भई उन्मुलन गर्न हिंसामुक्त क्षेत्र घोषणा भएको हनुने छ ।

५. टोलविकास सस्था, वालक्लव, आमा समुहहरु वालवालीका र महिला हिंसा उन्मुलनका लागी परिचालन भएका हुनेछन ।

धनगढी उप-महानगरपालिका राजपत्र

### ११. हानिकारक अभ्यास उन्मुलन नीति कार्यान्वयनको लागि कार्ययोजना

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | नगरमा चलन चल्तीमा आएका परम्परा, सस्कार र यस वाट परेको असर विषयमा अध्ययन, विश्लेषण | धनगढी उपमहानगरपालिका | विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ३ महिना भित्र |
| २ | हिंसा उन्मुलनका लागी बार्षिक निति तथा कार्यक्रम र वजेट मा योजना तर्जुमा गर्न वडा र विषयगत शाखाहरुलाई अभिमुखीकरण | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ६ महिना भित्र |
| ३ | हिंसा पीडितहरुलाई आश्रय केन्द्र र आयआर्जनमुलक शिप, मनोसामाजिक परामर्श, कानुनी परामर्श सेवा प्रदान गर्ने | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | |
| ४ | धामी झाक्री, पुरोहित, धार्मकि अगुवाहरुको कानुनी विषयमा क्षमता विकास गर्ने | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | |
| ५ | कानुन कार्यान्वयनमा समुदायमा सचेतनाका लागी सडक नाटक, हस्ताक्षर अभियानहरु सन्चालन गर्ने | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | |
| ६ | बालवविवाहमुक्त क्षेत्र घोषणा | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ वर्ष भित्र |
| ७ | हिंसामुक्त क्षेत्र घोषणा | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय | नीति स्वीकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | भएको १ वर्ष भित्र |
| ८ | सन्चारका माध्यमवाट सचेतनामुलक सन्देश प्रशारण, होडिङ वोर्ड डिस्प्ले | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ६ महिना भित्र |
| ९ | कानुनी साक्षरता कक्षा सन्चालन | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ वर्ष भित्र |
| १० | कानुनी सहायता तथा सिफारिस प्रणलीको स्थापना | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ वर्ष भित्र |
| ११ | उजुरी सुनाईका लागी प्रत्येक वडामा उजुरीपेटिकाको ब्यबस्था | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ वर्ष भित्र |
| १२ | लैगिक हिंसा निवारण कोष वृदी | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नियमित |
| १३ | हानीकारक अभ्यास उन्मुलन समन्धी सरोकारवाला संग संवाद, अन्तरक्रिया | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ६ महिना भित्र |

धनगढी उप-महानगरपालिका राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | सरोकारवालाको क्षमता अभिवृदी तालीम | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ वर्ष भित्र |
| १५ | टोल विकास सस्था, वाल समुह, महिला समुहहरुलाई अभिमुखीकरण | धनगढी उपमहानगरपालिका | | स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ वर्ष भित्र |

धनगढी उप-महानगरपालिका राजपत्र

**१२. हानीकारक अभ्यास उन्मुलन नीतिको कार्यान्वयन समिति**

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन र प्रभावकारीरुपमा कार्यान्वयन गर्न

**यस उप महानगरपालीका स्तरमामा देहाय बमोजिमको हानिकारक अभ्यास उन्मुलन नीति कार्यान्वयन समिति रहने छ ।**

| | |
|---|---|
| क) नगर प्रमुख | संयोजक |
| ख) नगर उप-प्रमुख | सदस्य |
| ग) प्रमुख,सम्बन्धित स्थानीय तहको प्रहरी कार्यालय | सदस्य |
| घ) प्रमुख, अस्पताल /स्वास्थ्य चौकी सम्बन्धित स्थानीय तह | सदस्य |
| ङ) अध्यक्ष, नगर अन्तरपाटी महिला सञ्जाल | सदस्य |
| च) प्रधानाध्यापक, सम्बन्धित स्थानीय तहका माध्यामिक विद्यालयका प्रधानाध्यापकहरु मध्ये समितिले तोकेको एक जान | सदस्य |
| छ) महिला अधिकारका क्षेत्रमा काम गर्ने गैसस प्रमुख मध्येवाट समितिले तोकेको एक जना | सदस्य |
| ज) वाल संजाल/बालक्लव/आमा समुह/महिला स्वयमसेविका मध्येवाट समितिले तोकेको ३ जना | सदस्य |
| झ) स्थानीय धामीझाक्री/भलभान्सा/वढघर र पुरोहीत मध्येवाट समितिले तोकेको एक जना | सदस्य |
| ञ) सँम्बन्धित स्थानीय तहको न्यायीक समितिले तोकेको १ जना | सदस्य |
| ञ) संयोजक, सामाजिक विकास समिति | सदस्य |
| ट) प्रमुख, महिला शाखा | सदस्य |
| ठ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ।**

१. सामाजिक परम्परा र सस्कार (बालविवाह, बोक्सी प्रथा, दाईजो, हिंसा, जवरजस्ती विवाह, वहुविवाह, छुवाछुट, छाउपढी) का नाममा हुने कुरिती, नकारात्मक अभ्यासको उन्मुलन कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निभाउने ,

२. हानीकारक अभ्यास उन्मुलन नीतिलाई कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,

३. नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य निकाय तथा कार्यालय संग नियमित बैठक, अनुगमन, छलफल, समिक्षा जस्ता कार्य मार्फत कार्यगत समन्वय कायम गर्ने,

४. नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

५.बालविवाह भएको जानकारी पाउनासाथ रोक्ने र कानूनी कारवाही अगाडि बढाउने । बालविवाह हुन नदिने बाल विवाह भए गरे तुरुन्त विवाह बदरका साथै कार्वाही गर्न सिफरिस गर्ने, सरोकारवालाहरूलाई बालविवाह, उमेर नपुगी विवाह र जबर्जस्ती विवाह विरुद्ध लाग्न प्रेरित गर्ने ।

७. सूचकको आधारमा बालविवाह मुक्त टोल, वडा तथा नगरपालिका घोषणा गर्ने,

८. बालविवाह, बोक्सी प्रथा, दाइजो छुवाछुत, विभेदपुर्ण लिङ्ग छनोट लगायत अन्य हानिकारक सामाजिक प्रथाको अन्त्य गर्न आफू अन्तर्गतका निकायलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

धनगढी उप-महानगरपालिका राजपत्र

नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीकरुपमा बस्ने छ । र आवश्यकता अनुसार समितिको बैठक जुनसुकैवेला पनि बस्न सक्ने छ ।

**१३. नीतिको पुनरावलोकन तथा सुधार**

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको स्वतन्त्र रुपमा मुल्यांकन गरी नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन तथा सुधार गरिने छ ।

**१४ खारेजी तथा बचाउ**

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुनसंग वाझिएमा वाझिएको हद सम्म सम्बन्धीत कानुन बमोजिम नै हुने छ ।

धनगढी उप-महानगरपालिका राजपत्र

अनुसूचि १.

**हानिकारक अभ्यास उन्मुलन नीतिका शब्दावली तथा परिभाषा**

**१. हानिकारक अभ्यासः** यस नगरपालिकामा परम्परा र सस्कृतिका नाममा चलिआएका **बालविवाह, वहुविवाह, बोक्सी प्रथा, दाईजो, लैगिंक हिंसा, जवरजस्ती विवाह, छाउपडी, छुवाछुत जस्ता प्रथालाई मानिने छ ।**

आज्ञाले,

..........................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकिय अधिकृत

धनगढी उप महानगरपालीका

धनगढी उप-महानगरपालिका राजपत्र